प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१७ ।। अङ्क : १११ ।। २०८२ जेठ १६ गते शुक्रबार (30th May 2025 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।
- यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट सार्वजनिक



झापा(प्रस) । सरकारले आगामी आर्थिक वर्षका लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ। बिहीबार संघीय संसदको संयुक्त बैठकमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १९ खर्ब बढीको बजेट सार्वजनिक गरेका हुन्।

कूल विनियोजनमध्ये चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत र पुँजीगततर्फ ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत रहेको उनले बताए। त्यस्तै वित्तीय व्यवस्थातर्फ ३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत रहेको अर्थमन्त्री पौडेलले जानकारी दिए। उनले कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब १७ अर्ब ८३ करोड रुपैयाँ विनियोजन गरिएको बताए।

बजेटको खर्च व्यहोर्ने स्रोतमा राजस्वबाट १३ खर्ब १५ अर्ब रुपैयाँ र वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड संकलन गर्ने लक्ष्य राखिएको छ। त्यस्तै वैदेशिक ऋणबाट २ खर्ब ३३ अर्ब ६६ करोड परिचालन गरिने र बाँकी आन्तरिक ऋणबाट व्यहोरिने अर्थमन्त्री पौडेलले बताए।

**६ प्रतिशत आर्थिक वृद्धि, ५.५ प्रतिशत मुद्रास्फीति लक्ष्य**

सरकारले आगामी आर्थिक वर्षमा ६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । अर्थमन्त्री पौडेलले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा उक्त कुरा उल्लेख गरिएको हो । सो वर्षका लागि ५.५ प्रतिशत मुद्रास्फीति कायम गर्ने लक्ष्य पनि सरकारले राखेको छ ।

प्रस्तुत बजेटको कार्यान्वयनबाट आगामी आर्थिक गतिविधिमा तीव्रता आउने, उत्पादन वृद्धि हुने र रोजगारी सिर्जना भई दिगो, फराकिलो तथा समावेशी आर्थिक वृद्धि हासिल हुने विश्वास समेत अर्थमन्त्री पौडेलले व्यक्त गरेका छन् ।

**प्रदेश र स्थानीय तहलाई ५ खर्ब ८२ अर्ब विनियोजन**

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघ सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत् पाँच खर्ब ८२ अर्ब ८३ पठाउने भएको छ । अर्थमन्त्री पौडेलद्वारा संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा राजस्व बाँडफाँट र अनुदानमार्फत् प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरणको रुपमा यो रकम जाने बताए ।

"वित्तीय समानीकरण अनुदानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा प्रदेशका लागि रू ६० अर्ब ६६ करोड र स्थानीय तहमा रू ८८ अर्ब ९७ करोड हस्तान्तरण गरिनेछ," उनले भने, "सशर्त अनुदानतर्फ प्रदेशका लागि रू ३० अर्ब ३५ करोड र स्थानीय तहका लागि रू दुई खर्ब ११ अर्ब ४६ करोड गरी जम्मा रू दुई खर्ब ४१ अर्ब ८१ करोड विनियोजन गरिएको छ ।"

त्यस्तै, प्रदेश र स्थानीय तहलाई पूर्वाधार आयोजना कार्यान्वयनका लागि समपूरक अनुदान प्रदेशलाई तीन अर्ब २८ करोड र स्थानीय तहलाई १० अर्ब छ करोड विनियोजन गरिएको छ । विशेष अनुदानतर्फ प्रदेशका लागि प्रदेशका लागि तीन अर्ब २७ करोड र स्थानीय तहका लागि नौ अर्ब ७८ करोड विनियोजन गरिएको छ । सशर्त, विशेष र समपूरक अनुदान कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको पनि अर्थमन्त्री पौडेलले बताए ।

बजेट वक्तव्य प्रस्तुत गर्दै अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षका लागि प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँटबाट एक खर्ब ६५ अर्ब हस्तान्तरण हुने अनुमानसमेत गरिएको बताए । यसरी आगामी आर्थिक वर्षमा संघीय सरकारले प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट पाँच खर्ब ८२ अर्ब ८३ करोड बराबर पठाउने अनुमान गरिएको छ ।

**सरकारी कर्मचारीको महँगी भत्ता पाँच हजार**

सरकारले आर्थिक वर्ष २०८२/०८३ को बजेटमा सरकारी कर्मचारीको तलब वृद्धि गरेको छैन। यद्यपि महँगी भत्ता भने बढाएको छ। आर्थिक वर्ष २०८२/०८२ को बजेट सार्वजनिक गर्दै उपप्रधान एवं अर्थमन्त्री पौडेलले सरकारी कर्मचारीको तलब बढाउन नसकिएको बताए।

उनले तलब नबढे पनि महँगी भत्ता बढाएर पाँच हजार पुगेको घोषणा गरे। यसअघि सरकारी कर्मचारीले महँगी भत्तावापत २ हजार पाउँदै आएका थिए। आगामी आर्थिक वर्षबाट महँगी भत्तास्वरूप थप ३ हजार पाउने भएका छन्। स्रोत व्यवस्थापनमा कठिनाइ हुने भएकाले तलब वृद्धि नगरिएको अर्थमन्त्री पौडेलले बताए।

# मुआब्जा दिन नसकेपछि रेलमार्गको रोक्का जग्गा फुकुवा

झापा(प्रस) ।सरकारले मुआब्जा वितरण गर्न नसकेपछि झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवासम्म रेलमार्ग निर्माणका लागि रोक्का राखेको जग्गा फुकुवा गर्ने भएको छ ।

बजेट भाषणका क्रममा अर्थमन्त्री विष्णु पौडेलले जग्गा रोक्का फुकुवा गर्ने घोषणा गरेका हुन् । पूर्व पश्चिम रेलमार्ग निर्माणका लागि पाँच वर्षअघि रेखाङ्कन गरी निर्माण क्षेत्रको जग्गा रोक्का राखिएको थियो ।जग्गाधनीले मुआब्जा नदिने भए रोक्का फुकुवा माग गर्दै एक वर्षयता आन्दोलन गरिरहेका थिए । रेलमार्ग निर्माण स्थलका पाँच हजार कित्ता जग्गा रोक्का छन् । २०७७ जेठ २७ गते झापा र २९ गते मोरङ र सुनसरीका जग्गा सरकारले रोक्का गरेको हो । रेलवेमा परेका कित्तामा डिमार्केसन (पिलर गाडिएको )गरिएको छ । निजी जग्गामा डिमार्केसन गरिएको समयदेखि स्थानीय आफ्नो स्वामित्वको जमिन किनबेच, बैंकिङ कारोबार र भोगचलन गर्न समेत बन्चित भएका छन् । जसका कारण धेरैको व्यवहार बिग्रिएको छ । कतिपयको त दैनिक व्यवहार नचल्ने अवस्था भएको छ । झापाका २ हजार २, मोरङका १३ सय ५७ र सुनसरीका ८४९ जग्गावाला एवं घरधनीहरुको घरजग्गा रोक्का गरिएको हो ।झापाको मेचीनगर, गरामनी, अनारमनी, दुवागढी, चारपाने, घैलाडुब्बा, शिवगञ्ज, तोपगाछी, दमक र लखनपुर क्षेत्रका करिब २ हजार व्यक्तिको घरजग्गा रेलमार्गमा पर्ने भएर रोक्का गरिएको हो । त्यसैगरी मोरङको साविक मधुमल्ला ६, उर्लाबारी, पथरी शनिश्चरे, अमरदह, बयरवन, केरौन, डाँगीहाट, बेलबारी, सुन्दर हरैंचा क्षेत्रका १३५८ कित्ता जग्गाहरु रोक्का गरिएको थियो ।

त्यसैगरी सुनसरीको इटहरी, खनार, चाँदबेला, बबिया, भोक्राहा र इनरुवाका ८४९ कित्ता जग्गा रोक्का थियो ।

काँकडभिट्टा- इनरुवा रेलमार्गका लागि बजेट छुट्याउनुको सट्टा मुआब्जाका लागि स्रोत व्यवस्थापन गर्नबाट सरकार पछि हटेको पूर्वपश्चिम रेलवे मुआब्जा समन्वय समितिका कोशी प्रदेश संयोजक डा. लक्ष्मीप्रसाद मैनालीको भनाइ छ । मैनालीले अहिले आवश्यक बजेट नछुट्याइदा रेलवे पीडितलाई थप मानसिक यातना भएको प्रतिक्रिया दिए ।

सरकारले बिहीबार प्रस्तुत गरेको बजेटमा कोशी प्रदेशका बहुप्रतिक्षित योजनाहरूलाई समेत बजेट विनियोजन भएको छ । अर्थमन्त्री पौडेलले प्रस्तुत गरेको बजेटमा झापाको भद्रपुरसहित अन्य विमानस्थलको स्तरोन्नतिका निम्ति ५० करोड रुपैयाँ विनियोजन भएको छ । यसैगरी मोरङको गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालासहित अन्य रंगशालाका लागि ४२ करोड रुपैयाँ विनियोजन भएको छ । गिरिजाप्रसाद रंगशालामा हरेक वर्ष बजेट विनियोजन भए पनि निर्माण कार्य भने अधुरै छ ।झापाको दमकमा सबै प्रकारका प्रतियोगिता आयोजना गर्न अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने घोषणा गरिएको छ । यसैगरी सुनसरी-मोरङ नहर तथा सिँचाइ प्रणाली मर्मत तथा संहार, पुनर्स्थापना तथा व्यवस्थापन सुधारका निम्ति पनि बजेट विनियोजन भएको छ । पूर्वपश्चिम राजमार्ग विस्तारअन्तर्गत काँकडभिट्टा-लौकही सडक चार लेन स्तरोन्नति गर्न बजेट विनियोजन भएको छ । विराटनगरको रानी-इटहरी चार लेन व्यापारिक मार्ग निर्माण सम्पन्न गर्न बजेट छुट्याइएको छ । कोशी कोरिडोरको खाँदबारी-दोभान खण्ड, अरुण कोरिडोरको चतरा-लेघुवा सडक ट्र्याक खोल्न बजेट विनिजन भएको अर्थमन्त्री पौडेलले जनाएका छन् । झापाको बाहुनडाँगीदेखि डडेल्धुरा जोड्ने पुष्पलाल मार्ग निर्माणका लागि दुई अर्ब ५१ करोड विनियोजन भएको छ । सुरुङ मार्गतर्फ धरान-लेउती निर्माणका लागि स्रोत व्यवस्थान गरिने जनाइएको छ ।

# बजेटबारे आ-आफ्नै बखान

झापा(प्रस) । सरकारले आगामी आर्थिक वर्षका लागि बजेट ल्याएको छ।संघीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेका हुन्। सरकारले जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

अर्थमन्त्री पौडेलले संसदमा पेस गरेको बजेटमाथि यही जेठ २० गतेदेखि छलफल हुनेछ। संसदबाट पारित भएमा बजेट आगामी साउन १ गतेदेखि कार्यान्वयनमा आउने छ। यसैबीच सरकारले ल्याएको बजेटमाथि सत्तापक्ष, प्रतिपक्ष र निजी क्षेत्रले आ-आफ्नो प्रतिक्रिया दिएका छन्। सत्तापक्षले बजेट उत्कृष्ट रहेको भन्दै कार्यान्वयनमा जोड दिएका छन्। यस्तै प्रतिपक्षले भने बजेट छरिएर आएको बताए। यस्तै निजी क्षेत्रले सरकारले ल्याएको बजेटले आफूहरू उत्साहित भएको बताएका छन्।

बजेटमाथि प्रतिक्रिया जनाउँदै नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ल्याएको बजेट समग्रमा ठिकै रहेको बताएका छन्। उनले बजेट अझै ठोस रूपमा प्रस्तुत गर्न सकिने भएपनि समग्रमा बजेट ठिकै रहेको बताएका हुन्।

महतले छरिएर रहेका आयोजनालाई घटाउने लगायतका केही वित्तीय अनुशासनका विषयले सकारात्मक परिणाम आउने धारणा राखे। उनले बजेटमा केही महत्वपूर्ण विषयहरू समावेश हुन नसकेकाले कार्यविधिबाट सम्बोधन हुने विश्वास व्यक्त गरे।

यस्तै पूर्वअर्थमन्त्री तथा कांग्रेसका नेता ज्ञानेन्द्र कार्कीले बजेटले मुलुकको वर्तमान आर्थिक अवस्थालाई आत्मसात गरेको बताए। उनले बजेट यथार्थपरक र जनअपेक्षालाई पूरा गर्ने सुधारवादी बाटोमा रहेको बताए। उनले बजेटको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए। यस्तै नेकपा माओवादी केन्द्रका उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले बलियो भनिएको सरकारले ल्याएको बजेट बलियो नदेखिएको बताएका छन्।

उनले आकारका हिसाबले गत वर्षको तुलनामा ठुलो आएको र बढी छरिएर आएको समेत बताए। अर्थतन्त्र रूपान्तरणका लागि ठोस कुरा आउन नसकेको र अर्थतन्त्रका केन्द्रका चर्चालाई पनि नसमेटिएको उनले बताए। पुनले गत वर्षका महत्वपूर्ण कार्यक्रमलाई पनि अहिले समेट्न नसकेको र नियमित बजेटको रूपमा मात्रै आएको जिकिर गरे। उनले विद्युतीय गाडीको करलाई यसअघिकै रूपमा निरन्तरता दिनु राम्रो कुरा भएको बताए।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद स्वर्णिम वाग्लेले बजेट धेरै उत्ताउलो र गैरजिम्मेवार नभएको बताए। उनले १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको भएपनि १५/१६ खर्बभन्दा बढी खर्च हुने आधार नभएको बताए। उनले भने, 'देशको अर्थतन्त्र माथि उठाउनको लागि खर्च नै गर्नुपर्छ भन्ने छैन। खर्च नै नलाग्ने नीतिगत निर्णयहरूबाट पनि अर्थतन्त्रलाई माथि उठाउन सकिन्छ।' राजस्व सङ्कलनको कतिपय कुराहरू पत्याउने खालको नभएको उनले बताए।

यस्तै निजी क्षेत्रले आफूहरूले दिएका सुझावलाई समेटेर बजेट आएको भन्दै उत्साह देखिएको बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले बजेटमा निजी क्षेत्रले दिएकामध्ये धेरै सुझाव समेटिएको बताए। यसअघि बजेटमा रहेका विषयहरू कार्यान्वयन नहुँदा समस्या देखिएको भन्दै उनले अहिले सरकारले ल्याएको बजेट कार्यान्वयन हुने विश्वास व्यक्त गरे। उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएका सुझावलाई कार्यान्वयन गर्दै जाने सरकारको प्रतिबद्धता सकारात्मक रहेको उनले बताए।

त्यस्तै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले निजी क्षेत्रलाई समेटेर बजेट आएकाले सकारात्मक रहेको बताए। सरकारले राखेको राजस्वको लक्ष्य समेत सम्भव रहेको उनले बताए। उनले बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके लक्ष्य अनुसारको आर्थिक वृद्धिदर हुन सक्ने धारणा राखे।

त्यस्तै अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीले बजेटलाई मुस्कानका साथ स्वागत गरिएको बताए। नाडाको मागलाई सरकारले अर्थपूर्ण रूपले समेटेको उनले बताए। अन्य व्यवसायीहरूले अव सरकारले बजेटको कार्यान्वयनमा ध्यान दिनुपर्ने सुझाव उनले दिए।

यस्तै उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारले ल्याएको बजेट यथार्थपरक रहेको बताए। उनले आफूले ल्याएको बजेट यथार्थपरक रहेकाले कार्यान्वयनमा चुनौती नहुने बताए। सुरु भएका आयोजनाहरूलाई सम्पन्न गर्नका लागि बजेटले विशेष ध्यान दिएको उनले बताए। उनले निजी क्षेत्रको मनोबल बनाउने र लगानी वृद्धि गर्ने दृष्टिकोणले अनुकूल रहको दाबी गरे। उनले अनावश्यक रूपमा स्रोतको अनुमान नगर्नु नै अहिलेको बजेटको विशेषता रहेको जिकिर गरे।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# गणतन्त्रमा बेमौसमी बाजाको दम छैनः नेता आङ्बो

बिर्तामोड(प्रस) । नेकपा माओवादी केन्द्र प्रदेश नं. १ संसदीय दलका नेता इन्द्र आङ्बो मौसमले राजावादीहरुको नक्कली भेलाले गणतन्त्रवादीलाई समस्या नहुने दावी गरेका छन् ।

बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा विहीबार गणतन्त्र दिवसको अवसरमा आयोजित मैत्रीपूर्ण फुटबल खेललाई उद्घाटन गर्दै प्रमुख अतिथि आङ्बोले गणतन्त्र दिवसमा बेमौसमी बाजा बजेको सुनिन्छ त्यो बाजामा दम नभएको दावी गरे ।

जनताले बलिदानीपूर्वक ल्याएको गणतन्त्रलाई बेमौसमी भेलाले कति पनि असर नपार्ने बताउँदै गणतन्त्र नेपाली जनताको मनबाट आएको हुँदा यसलाई भव्य रुपमा मनाउँदै जानुपर्ने तर्क राखे ।



सत्तामा रहेका राजनीतिक दलले जनतामाथि गरेको हर्कतबाट जनता आजित भए पनि आउने दिनमा जनताको शिर उच्च पार्ने कार्यमा लाग्दै गाउँगाउँबाट गणतन्त्र दिवस मनाउनुपर्ने जोड दिए ।

कार्यक्रममा अर्का अतिथि नेपाली कांग्रेस जिल्ला सचिव नविन विमलीले लोकतान्त्रिक गणतन्त्रलाई राजावादीको आक्रोश भर्सन जनताले अनुमोदन गर्न नसक्ने बताए । त्यसैले लोकतन्त्रमै नेपाली जनताको भविष्य जोडिएको हुँदा यसलाई सबैतिर मनाउँदै लानुपर्ने उनले बताए ।

गणतन्त्रलाई सार्थक बनाउन अखिल नेपाल खेलकुद महासंघ झापा र अखिल क्रान्तिकारी जिल्ला कमिटीको संयुक्त आयोजनामा भएको कार्यक्रममा १० टिमको सहभागिता रहेको थियो ।

खेलमा नेपाली कांग्रेस, वाणिज्य संघ बिर्तामोड, नेपाल पत्रकार महासंघ झापा, वाईसीएल, पूर्वेली क्लब, विद्यार्थी, ट्रेड युनियन, कर्मचारीलगायतका टिमले प्रतिस्पर्धा गरेका थिए ।

खेलको फाइनलमा नेकपा माओवादी केन्द्रलाई टाइब्रेकरमा पछि पार्दै अखिल नेपाल मजदुर संघले उपाधि जितेको थियो ।

प्रथम उपाधि जित्नेलाई २५ केजीको खसी र उपविजेता टिमलाई १५ केजी लोकल कुखुरा पुरस्कार प्रदान गरिएको थियो ।

अखिल नेपाल खेलकुद महासंघ झापाका अध्यक्ष सुरेश आलेको सभापतित्वमा भएको कार्यक्रममा स्वागत फ्याक्सन इन्चार्ज दधि रिमालले गरेका थिए ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य झलकसिंह दर्लामी, हरिकुमार राना, सरु न्यौपाने, जिल्ला अध्यक्ष राजु आचार्य 'अग्नी', जिल्ला इन्चार्ज रञ्जीत तामाङ, पत्रकार महासंघका अध्यक्ष एकराज गिरी, वाणिज्य संघ अध्यक्ष राजु न्यौपाने, प्रेस सेन्टर झापाका अध्यक्ष पुष्प खड्का, महिला तथा अन्य जनवर्गीय संगठनका नेताहरुको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन विद्यार्थी नेता विवेक दाहालले गरेका थिए ।

# विद्यार्थी भिसाको अन्तर्वार्ता अस्थायी रूपमा बन्द



झापा(प्रस) । अमेरिकी सरकारले विदेशी विद्यार्थीहरूको भिसा प्रक्रिया अस्थायी रूपमा रोक्ने निर्णय गरेको छ । विदेशी विद्यार्थीको सामाजिक संजाल जाँच अनिवार्य बनाउने तयारीका लागि यस्तो निर्णय गरिएको हो । ट्रम्प प्रशासनले अमेरिकी दूतावासहरू र कन्सुलर सेक्सनहरूलाई विद्यार्थी भिसा आवेदकहरूको नयाँ अन्तर्वार्ता समय तालिका रोक्न आदेश दिएको छ ।

ट्रम्प प्रशासनले यो योजना कार्यान्वयन गरेमा यसले विद्यार्थी भिसा प्रक्रियालाई ढिलो बनाउने बताइएको छ । अमेरिकामा विश्वविद्यालयहरूको आर्थिक अवस्था विदेशी विद्यार्थीमा निर्भर भएकाले यो निर्णयले धेरै विश्वविद्यालयहरूलाई पनि असर गर्न सक्ने बताइएको छ ।

पोलिटिकोका अनुसार भविष्यमा सामाजिक सञ्जाल जाँचले के खोज्ने हो भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गरेको छैन । तर, यसले आतंकवादीहरूलाई र यहुदीविरोधी भावना रोक्ने कार्यकारी आदेशप्रति लक्षित रहेको सङ्केत दिएको छ ।

# युरोप लैजाने भन्दै ठगी बढ्यो

झापा(प्रस) । पछिल्लो समयमा आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीका लागि युरोप पठाउने भन्दै युवालाई ठगी गर्ने क्रम बढेको छ । शैक्षिक परामर्श संस्था, ट्राभल एजेन्सी, तालिमप्रदायक संस्था, भाषा प्रशिक्षण गराउने संस्था, व्यक्तिलगायतले युरोपमा आकर्षक सेवा सुविधासहित वैदेशिक रोजगारी प्रक्रियाका लागि आवेदन माग गरेर श्रमिकलाई ठगी गर्ने क्रम बढेको हो । वैदेशिक रोजगार विभागका अनुसार नेपाली युवालाई युरोप पठाइदिने भनी सूचना जारी गर्ने, राहदानी र अन्य कागजात सङ्कलन गर्ने एवं नक्कली कागजात तयार गरी विदेश पठाउने कार्यमा संलग्न भएका उजुरी विभागमा आउने क्रम बढेको छ ।

विभागको अनुगमन शाखाले वैदेशिक रोजगारीमा पठाउने अधिकार वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागमा दर्ता भएका वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) कम्पनीबाहेक अन्यलाई छैन । ऐनमा उल्लेख भएका बाहेक कुनै पनि व्यक्ति वा संस्थाले श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउन वा पठाउनका लागि प्रक्रिया अगाडि बढाउन नपाइने कानुनी व्यवस्था रहेको छ ।



विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी रूपमा विदेश जाने श्रमिकसँग राहदानी माग गर्ने, वैदेशिक रोजगारीमा पठाउने, पठाउन सहजीकरण गर्ने कार्य नगर्न सचेत गराउँदै यस्ता संस्था वा व्यक्तिविरुद्धमा अनुगमनलाई कडाइ गरेको जानकारी दिए ।

नक्कली कागजात बनाउने र कारोबारसमेत गर्ने त्यस्ता संस्थाविरुद्ध ठगीका उजुरी पर्न थालेपछि सरकारले उनीहरूविरुद्ध कडाइ गर्ने भएको हो ।

पछिल्लो समय शैक्षिक परामर्श सेवाका लागि शिक्षा मन्त्रालयबाट स्वीकृति लिएर खोलिएका संस्था नै वैदेशिक रोजगार व्यवसायमा जोडिएर करोडौँ रकम असुल्ने गरेको पाइएपछि नियमनलाई कडाइ गर्न थालिएको उनको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिक स्वदेशमा ठगी र विदेशमा काम गरे पनि तलब नपाउने र अलपत्र पर्ने गरेको वैदेशिक रोजगारीका क्रममा समस्यामा पर्ने श्रमिकको पक्षमा निःशुल्क वकालत गर्दै आएको पिपुल्स फोरम नामक संस्थाको अध्ययनमा उल्लेख छ । अध्ययनले वैदेशिक रोजगारीका नाममा परेका मुद्दामध्ये ५३ प्रतिशत नेपालमा हुने ठगीका विषय र बाँकी विदेशमा पाउने तलब तथा उद्धारका सम्बन्धमा रहेको देखाएको छ ।

# मोटरसाइकलको ठक्करबाट बिर्तामोडका राजवंशीको मृत्यु

झापा(प्रस) । मोरङको उर्लावारीमा मोटरसाइकलको ठक्करबाट झापा बिर्तामोड- १ का ५८ वर्षीय लक्ष्मीनारायण राजवंशीको मृत्यु भएको छ ।



सोमवार राति अन्दाजी ९.२५ बजे उर्लाबारी- ३ सोल्टी पुलस्थित पूर्वपश्चिम राजमार्गमा उर्लाबारीबाट पथरीतर्फ जाँदै गरेको प्रदेश १-०२-०५३प २५०५ नम्बरको मोटरसाइकलले पैदलयात्री राजवंशीलाई ठक्कर दिएको थियो । टाउकोमा चोट लागेर गम्भीर घाइते भएका राजवंशीलाई उपचारका लागि न्यूरो हस्पिटल विराटनगर लगिएकोमा बुधवार राति १:५७ बजे उपचारका क्रममा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय उर्लावारीका प्रहरी निरीक्षक रन्जन बरालले जानकारी दिए ।

दुर्घटनामा मोटरसाइकल चालक धरान -१५ घर भई हाल उर्लाबारी -३ मा बस्ने ३२ वर्षीय इश्वर शंकर सामान्य घाइते भएका थिए । उनलाई उपचारको लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारे लगिएको थियो । मोटरसाइकल चालक शंकर डिस्चार्ज भई इप्रका उर्लावारीले नियन्त्रणमा लिएको छ ।

# झापाका ३ सहित ७ पत्रकार पुरस्कृत



भद्रपुर(प्रस) । १८ औं गणतन्त्र दिवसको अवसर पारेर कोशी प्रदेश सरकारले ७ जना पत्रकारलाई नगदसहित सम्मान गरेको छ । कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयले कोशी प्रदेशका ७ जना पत्रकारलाई नगद एक लाखसहित सम्मान गरेको हो ।

यसरी सम्मानित हुनेहरूमा झापाका अग्रज पत्रकार चिन्तामणि दाहाल, मोहन काजी, विमल लामिछाने, रासस कोशी प्रदेश प्रमुख सदरूल मोहमद, राजेशबहादुर श्रेष्ठ धनकुटा, यसोदा सेने सुनसरी, र मनोजकुमार दाहाल मोरङ रहेका छन् ।

यस्तै कार्यक्रममा प्रदेशभरिबाट निबन्ध लेखनमा उत्कृष्ट भएका ५ विद्यार्थी र ५ लेखकलाई समेत नगदसहित सम्मान गरिएको थियो । आन्तरिक मामिला तथा कानून मन्त्री रेवतीरमण भण्डारीको अध्यक्षता तथा मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प निरंकुशतन्त्र हुन नसक्ने बताउँदै कमी कमजोरीविनाको सुधारिएको लोकतन्त्र अबको गन्तब्य हुने बताए ।

कार्कीले आफ्ना मतदाताको मत नभएका अर्का पार्टीका मतदाताले चुनाव जिताउनु पर्ने बैशाखी टेकेर हिड्नेहरूले संघीय लोकतान्त्रिक गणतन्त्र फाल्ने उद्घोष आफैंमा हाँसउठ्दो घटना भएको समेत जनाए ।

# विराटनगरमा दुर्लभ 'स्पिटिङ कोब्रा' फेला



झापा(प्रस) ।विरलै पाइने 'स्प्रिङ कोब्रा' नामको गोमन सर्प विराटनगरमा फेला परेको छ । परैबाट विष वमन गर्ने यो खतरनाक प्रजातिको गोमन सर्प हो ।

विराटनगर-४ स्थित नोबेल अस्पताल पछाडि डा. सुनील शर्माको निवासमा भेटिएको हो । सर्प उद्धार टोलीले उक्त सर्पलाई नियन्त्रणमा लिएर जिल्ला वन कार्यालय मोरङमा बुझाएको छ । तर, उद्धारको क्रममा सर्पले परैबाट विष फाल्दा महानगरपालिकाका उद्धारकर्ता शम्भु घिमिरेको शरीरमा परेको बताइएको छ ।

उनी हाल कोशी अस्पताल, विराटनगरको आकस्मिक कक्षमा स्वास्थ्यकर्मीको निगरानीमा छन् । उनको स्वास्थ्य स्थिति खतरामुक्त रहेको जनाइएको छ ।

चिकित्सकका अनुसार, यस्ता सर्पको विष विशेषगरी अनुहार र आँखामा परे गम्भीर असर गर्न सक्छ । यसले अस्थायी अन्धोपनदेखि स्थायी दृष्टि गुम्नेसम्मको खतरा ल्याउन सक्छ ।

नेपालमा विरलै मात्र देखिने 'स्पिटिङ कोब्रा' दक्षिण एसियाली भूभागमा पाइने एक विशिष्ट प्रजाति हो, जसले आफ्नो सिकार वा खतरा महशुस गरेपछि परैबाट विष थुकेर आक्रमण गर्छ । वन तथा स्वास्थ्य निकायका अनुसार, यो प्रजाति विशेष गरी गर्मी मौसममा बाहिर देखापर्न थाल्छ ।

महानगरपालिकाको स्वास्थ्य महाशाखाले गर्मी मौसममा तराई-मधेश क्षेत्रमा सर्पदंशको जोखिम अत्यधिक बढ्ने जनाएको छ । विशेषगरी झाडी, बगैंचा, गोठ र घरको चिसो/अँध्यारो स्थानहरूमा यस्ता विषालु सर्प लुकेर बस्ने गर्छन् ।

महाशाखाले अन्य क्षेत्र वा घर आसपास यस्ता अनौठा वा विषालु सर्प देखिएमा तुरुन्त जानकारी गराउन अनुरोध समेत गरेको छ ।

# मनसुनजन्य पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना पारित

झापा(प्रस) । सरकारले यस वर्षको मनसुनजन्य पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना ०८२ बुधबार पारित गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष तथा गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बुधबार बसेको समितिको ३२ औँ बैठकले उक्त कार्ययोजना पारित गरेको हो।

उक्त योजनामा मनसुन पूर्वानुमान, विपद्बाट प्रभावित हुने अनुमानित केस लोड, मनसुनजन्य विपद्को पूर्व तयारी तथा प्रतिकार्यका लागि सरोकारवाला मन्त्रालय, विभाग तथा निकायको जिम्मेवारी, लगायत विवरण समेटिएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले यस वर्षको मनसुनजन्य विपद्बाट देशभर करिब ४ लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसंख्या प्रभावित हुने आँकलन गरेको छ ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाएको छ।

बैठकले चोभार गल्छी साँघुरो भई गत वर्ष असोज १० गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षाको कारण बागमती नदीमा पानीको सतह बढ्न गई काठमाडौँ उपत्यकाका नख्खु, कुशेश्वर, थापाथली, बल्खु लगायतका भू-भागहरूमा डुबान भएको हुँदा पुनः उक्त प्रकारको क्षति हुन नदिन सतर्कता अपनाउन आग्रह गरेको छ। त्यसका लागि नेपाली सेनाबाट सहयोग लिई चोभार गल्छीमा रहेको अवरोध हटाउन सहरी विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय भएको प्राधिकरणका कार्यकारी प्रमुख एवं कार्यकारी समितिका सदस्य सचिव दिनेश प्रसाद भट्टले बताए ।

# किसानलाई ३ करोड ६० लाख मूल्यका कृषि औजार

झापा(प्रस) । कृषि कर्ममा सघाउन फिदिम नगरपालिकाले चालु आर्थिक वर्षमा ३ करोड ६० लाख रुपैयाँ बराबरका कृषि औजार र उपकरण खरिद गरेको छ ।

विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरी खरिद गरिएका यी उपकरण नगरपालिकाका १४ वटै वडाका नागरिकलाई मागका आधारमा वितरण गरिने नगरप्रमुख मित्रप्रसाद काफ्लेले जानकारी दिए ।

काफ्लेका अनुसार नगरपालिकाले १८१ वटा मिनी टिलर, १६० वटा च्याफ कटर, ५४४ वटा टनेल, ६५ वटा प्लास्टिक पानी पोखरी, १८५ वटा राइस मिल, ११ वटा मकै छोडाउने मेसिन, २ वटा उखु मिल, ४० वटा स्प्रेयर, ९०० वर्ग मिटरका लागि इन्सेक्ट नेट, ५३ वटा काउ म्याट, २० वटा फ्रिज, १४० वटा मिल्क क्यान, ४ वटा मिल्क एनालाईजर र २० वटा ५ सय लिटर क्षमताका पानी ट्यांकी खरिद गरिएको छ ।

जसमध्ये मिनी टिलर, प्लास्टिक टनेल, कम्बाइन्ड मिल, च्याफ कटर र भेटेरिनरीसम्बन्धी उपकरणमा किसानको ५० प्रतिशत साझेदारी रहने प्रावधान छ । कृषि कर्म गरिरहेका किसानको दिनचर्या सहज बनाउन सघाउने उद्देश्यले यति धेरै सामग्री खरिद गरिएको काफ्लेको भनाइ छ । 'वडा कार्यालयमा आएका मागको मूल्यांकनपश्चात् सम्बन्धित वडाको सिफारिसमा सामग्री वितरण भइरहेको छ, सामग्री स्थानीय आवश्यकता र किसानकै मागका आधारमा खरिद गरिएको हो,' काफ्लेले भने ।

खरिद गरिएका केही सामग्री वडाकै स्वीकृत बजेटबाट खरिद गरिएकाले सम्बन्धित वडामै वितरण भइरहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र आह्वान गर्दा सामग्रीको मूल्य प्राविधिक लागत अनुमानभन्दा घटेका कारण ठूलो परिमाणमा रकम बचत भएको छ । चालु आर्थिक वर्षमा १६ प्रकारका सामग्री खरिद गर्न ६ करोड ६२ लाख ९४ हजार ५८३ रुपैयाँ लागत अनुमान गरिएकामा ४ करोड ६२ लाख ८५ हजार ५१६ रुपैयाँमा ठेक्का लाग्दा १ करोड ४८ लाख ३ हजार ५३ रुपैयाँ बचत भएको कृषि औजार तथा उपकरण खरिद व्यवस्थापनसम्बन्धी पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

# टिमाई खोलामा डुबेर एकजनाको मृत्यु

झापा(प्रस) ।झापाको मेचीनगर १० खयरडाँगीस्थित टिमाई खोलामा डुबेर एक जनाको मृत्यु भएको छ ।

मृतकको पहिचान खुल्न सकेको छैन । बिहीवार दिउँसो अन्दाजी १२:३० बजे पहाडे मुलको जस्तो देखिने अन्दाजी वर्ष ४० का पुरुष टिमाई खोलामा घोप्टो परी मृत फेला परेको देखेसंगै स्थानीयले प्रहरीलाई खवर गरेका थिए ।



स्थानीयको भनाई अनुसार मृतक ४/५ दिन अगाडिदेखि धुलावारी बजारमा मागेर खाँदै हिड्ने गरेको बुझिएको छ ।

इलाका प्रहरी कार्यालय धुलावारीबाट प्रहरी निरीक्षक पाण्डवकुमार राजवंशीको कमाण्डमा टोली खटिएर आवश्यक अनुसन्धान तथा मुचुल्का गर्ने कार्य सम्पन्न भई मृतकको शव प्रादेशिक अस्पताल भद्रपुरको शवगृहमा पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गणतन्त्रको उपहास

विश्वकै उत्कृष्ट शासन व्यवस्था गणतन्त्रविरुद्ध आवाज बढ्दै गएको छ । जेठ १५ गते गणतन्त्र दिवसकै दिन राजावादीहरुले राजधानीमा अनिश्चितकालीन आन्दोलन शुरु गरेका छन् । भलै गणतन्त्रवादीको भीडको तुलनामा राजावादीहरुको संख्या थोरै भएपनि त्यसले चिंगारीको रुपमा काम गर्न थालेको छ । गणतन्त्रविरुद्धको जनताको कुण्ठालाई राजनीतिक दलका नेताहरुले बढाउँदै लगेका छन् । गणतन्त्र रहे रहोस् नरहे नरहोस् बस कसरी हुन्छ आफ्नो स्वार्थ पूरा गर्ने ? त्यही भ्रष्टतन्त्रका कारण गणतन्त्रविरुद्ध निराशा छाउँदै गएको छ । गणतन्त्र दिवस अनुमोदित भएको १८ वर्ष लागिसकेको छ। २०६५ जेठ १४ गते एकमतले पारित भएको गणतन्त्रले पनि १७ वर्ष पार गरिसकेको छ। राजतन्त्र हटेको अर्थमा मात्र गणतन्त्र स्थापित भएको आम मान्यता छ। गणतन्त्रले पार्टीहरूको स्वतन्त्रता दिइसकेको छ। कस्तो गणतन्त्र बनाउने भन्ने डाडुपन्यु उनीहरूकै हातमा छ। हुन त लोकतन्त्रको परिभाषा पनि राजनीतिक दलहरूले नै गर्ने हो। तर जनतालाई राजनीतिक स्वतन्त्रतासम्पन्न गराउने कुरामा तिनीहरू उदासीन छन्, यसमा दुबैको स्वार्थ ठ्याक्कै मिलेको छ। यसरी गणतन्त्रको काखमा लोकतन्त्रको भ्रुणहत्या गर्ने उपक्रमले सरकारी पञ्चाङ्गमा अनुमोदित गणतन्त्र दिवस खाउँ भने दिनभरिको सिकार नखाउँ कान्छा बाबुको अनुहार चरितार्थ भएको छ, नेपाली जनतालाई।

अन्त्यमा, आजको यस ऐतिहासक दिनमा नेपालमा राजनीतिक परिवर्तनका लागि पटक–पटक भएका आन्दोलनमा आफ्नो ज्यानको बाजी लगाउने र शहादत दिने सपुतहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नैपर्छ । तर, जबसम्म यिनै नेताहरू राजनीतिको पहिलो पङ्क्तिमा रहन्छन्, तिनले यसरी नै शहीदको भावनाको अपमान गरिरहन्छन्, आफ्ना स्वार्थपूर्तिमा तल्लीन रहन्छन्, जनतालाई भ्रममा राखेर आफूहरू मोजमस्ती गरिरहन्छन्, त्यस किसिमको शासन–शैलीमा शहीदले चाहेको परिवर्तन सम्भव छैन । यो अकाट्य सत्य हो । यतिखेर गणतन्त्रको उपहास भइरहेको छ । यसैले वास्तविक गणतन्त्रका लागि अब नयाँ ढङ्गबाट आन्दोलन थाल्नु जरुरी छ । यसका लागि आजको यसै दिन राष्ट्रवादी तथा लोकतन्त्रवादी सबैले अठोट गर्नुपर्छ । यसो हुन सकेमा मात्र 'गणतन्त्र दिवस'को सार्थकता पनि रहनेछ ।

# युद्ध र द्वन्द्वले निम्त्याएका समस्या



• रामप्रसाद आचार्य

विज्ञान र प्रविधिको उच्चतम विकासले आज विश्व नै सानो गाउँ जस्तै बनेको छ । सूचनाको पहुँच सर्वत्र छ । क्षणभरमा विश्वका जहाँसुकै भएका घटना थाहा हुन्छ । मानिस पहिलेभन्दा शिक्षित र जान्नेसुन्ने भएका छन् । चरम भौतिक विकासले मानवीय जीवनमा अकल्पनीय सुविधा उपलब्ध गराएको छ । यस्तो अवस्थामा मानिस सुखी र खुसी हुनुपर्ने हो । सर्वत्र शान्ति छाउनुपर्ने हो तर दुःखको कुरा विज्ञान र प्रविधिको गलत प्रयोग, आमविनाशकारी हातहतियारको उत्पादन, युद्ध, द्वन्द्व र मानवीय कारणले सृजित जलवायु सङ्कटको त्रासमा बाँच्न विवश छन्, आजका मानिस । युद्ध र द्वन्द्वमा परेका निमुखाको अवस्था कारुणिक छ । अहिले बालबालिका, महिला र वृद्धवृद्धा सबभन्दा बढी मारमा परेका छन् ।

इजरायल-हमासबिच २० महिनायता जारी युद्धमा १८ हजार प्यालेस्टिनी बालबालिका मारिए । युद्धमा परी एक लाख १५ हजारभन्दा बढी बालबालिका घाइते र अङ्गभङ्ग भएका छन् । यीमध्ये २७४ नवजात शिशु र एक वर्षमुनिका आठ सयभन्दा बढी बालबालिका छन् । यही अवधिमा ५० भन्दा बढी बालबालिकाले भोकमरी र १७ बालबालिकाले विस्थापितका लागि राखिएका टेन्टमा चिसोका कारण जीवन गुमाएका छन् ।

संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) का अनुसार गाजामा ७१ हजार बालबालिका र १७ हजार सुत्केरी गम्भीर कुपोषणको सिकार बनेका छन् । ११ सातायता इजरायलले राहत सामग्री प्रवेशमै रोक लगाएका कारण २० लाख गाजावासीको भोक-प्यास र पीडा दिनानुदिन चर्किंदै गएको छ । गाजाका झन्डै १० लाख बालबालिका विस्थापित भएका छन् । उनीहरूले टर्कीको शरणार्थी शिविरमा कष्टकर शरण लिइरहेका छन् । गाजामै बसोबास गर्ने सबै बालबालिका कुनै न कुनै किसिमको हिंसा भोगेका कारण शारीरिक वा मानसिक समस्याबाट गुज्रिरहेका छन् ।

सन् २०२३ को अक्टोबर ७ देखि सुरु भएको इजरायल-हमास युद्धमा झन्डै ६० हजार प्यालेस्टिनी नागरिक मारिएका छन् । हजारौँ बालबालिका युद्धमा बाबुआमा गुमाएर बेसहारा बनेका छन् । जथाभावी छाडिएका हातहतियारका कारण घाइते भएका तथा लगातारको द्वन्द्व र स्थानान्तरणले मनोवैज्ञानिक समस्यामा परेका बालबालिकाको लेखाजोखा गरिएको छैन । युद्ध थामिने सङ्केत नदेखिएको अवस्थामा शिक्षा, पौष्टिक आहार, वृत्ति विकास, स्वच्छ वातावरणसँगै परिवारसँग हुर्कन पाउने बालबालिकाको अधिकारका विषय पूरै ओझेल परेका छन् ।

अहिलेकै अवस्था लम्बिए सेप्टेम्बर अर्थात् अबको पाँच महिनामा चार लाख ७० हजार (गाजाको जनसंख्याको २२ प्रतिशत) ले गम्भीर भोकमरीको सामना गर्नुपर्ने हुन्छ । १४ हजारभन्दा बढी बालबालिका अत्यन्तै डरलाग्दो कुपोषणको चपेटामा पर्न सक्ने अवस्था छ । गत मार्च २ मा इजरायली नाकाबन्दी सुरु भएयता गाजामा कुपोषणका कारण ५७ बालबालिकाको मृत्यु भएको छ । अहिलेको खाद्य नाकाबन्दी नरोकिए लगभग १४ हजारभन्दा बढी बालबालिकाको जीवन तत्काल जोखिममा पर्ने प्यालेस्टिनी अधिकारीहरूले बताउँदै आएका छन् ।

दोस्रो विश्वयुद्ध सकिएपछि सन् १९४८ मा इजरायल अस्तित्वमा आएको मुलुक हो । दोस्रो विश्वयुद्धमा अनाथ, विस्थापित वा मृत्यु भएका बालबालिकाको संख्या झन्डै एक करोड ३० लाख थियो । यस किसिमको त्रासदीपछि बाल अधिकारसम्बन्धी सन्धि, अन्तर्राष्ट्रिय मानवीय कानुन निर्माण, अन्तर ष्ट्रिय फौजदारी अदालत स्थापना, द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध कानुनी र विश्वव्यापी सुधारका पहल गरिए । तैपनि त्यसपछिका युद्ध र द्वन्द्वमा सबैभन्दा धेरै बालबालिका नै पिल्सिन पुगे ।

सन् १९९४ मा अफ्रिकी मुलुक रुवान्डामा जातीय नरसंहार भयो । सय दिनभित्र झन्डै आठ लाख मानिस मारिए । त्यसरी मारिनेमा तीन लाख बालबालिका थिए । सन् २०११ मा सुरु भएर सिरियाली गृहयुद्धमा पनि बालबालिका नै बढी प्रताडित भए । १० वर्षको यस गृहयुद्धमा घाइते वा मृत्यु भएका बालबालिकाको सङ्ख्या १२ हजारभन्दा बढी थियो । अहिले प्रत्येक आठ घण्टामा एक बालबालिका युद्धको सिकार हुने गरेका छन् । सिरियाली गृहयुद्धकै क्रममा पाँच हजार सात सयभन्दा बढी बालबालिकालाई सैनिकका रूपमा भर्ती गरिएको थियो । गृहयुद्ध हुँदा १३ सय विद्यालय तथा अस्पतालमा आक्रमण भएको थियो । युद्धका क्रममा अङ्गभङ्ग, बलात्कार, उत्पीडन, मनोवैज्ञानिक जटिलता जस्ता दीर्घकालीन समस्यामा पनि बालबालिका नै पर्ने गरेका छन् ।

सन् २०१५ देखि निरन्तर द्वन्द्व र हिंसामा फस्दै आएको यमनमा पनि बालबालिका प्रताडित छन् । सन् २०१५ देखि २०१८ सम्मको अवधिमै यमनमा पाँच वर्षमुनिका लगभग ८५ हजार बालबालिकाको द्वन्द्व, भोकमरी वा महामारीबाट मृत्यु भएको थियो । अहिले पनि त्यहाँ छ लाखभन्दा बढी बालबालिका तीव्र कुपोषणको सिकार भएका छन् । तीमध्ये एक लाख २० हजारको अवस्था गम्भीर छ । यमनको स्वास्थ्य सेवा प्रणाली ध्वस्त भएको छ । खाद्य सङ्कट र रोगको महामारीले बालबालिकालाई आधारभूत सेवा र जीवन रक्षा सुविधाबाट वञ्चित गराएको छ ।

सन् २०२२ देखि जारी रुस-युक्रेन युद्धमा ज्यान गुमाउने, घाइते हुने, युद्धका जोखिमपूर्ण काममा प्रयोग हुने बालबालिकाको संख्या हजारौँ छ । अफ्रिकी महादेशका कङ्गो, सुडान, लिबियाका गृहयुद्धमा पीडित बालबालिकाको संख्याले पनि मानव अधिकार र मानवीय कानुनमा संवेदनशीलतालाई विश्वव्यापी रूपमै झस्काउने गरेको छ । हमासले सन् २०२३ अक्टोबर ७ मा इजरालमाथि आक्रमण गर्दासमेत ३७ बालबालिकाको मृत्यु भएको थियो । त्यो दिन ३६ बालबालिकालाई अपहरण गरेर गाजा लगिएको थियो । त्यही दिनदेखि इजरायल-हमास युद्ध चलिरहेको छ ।

गाजामा रहेका झन्डै २१ लाख मानिसका लागि राहत सामग्री रोक्ने र आपत्कालीन सेवामा रहेका कर्मचारीमाथि समेत आक्रमण गर्ने इजरायली कार्यको विरोध बढ्दै गएको छ । युद्धका क्रममा आफ्ना कर्मचारी र पूर्वाधारमा आक्रमण हुँदासमेत राहत र उद्धारका लागि खटिएका राष्ट्रसंघीय निकायका प्रतिनिधि र आधिकारिक व्यक्तिहरूले इजरायलको युद्धप्रतिको रबैयाको विरोध गरेका छन् । इजरायलले शरणार्थी शिविर, तोकिएका सुरक्षित क्षेत्र र विस्थापित टेन्टमा बसेका प्यालेस्टिनीमाथि समेत आक्रमण गर्ने गरेको छ । त्यसमा सबैभन्दा पीडित बालबालिका हुने र केहीको त जलेरसमेत मृत्यु हुने गरेका तथ्य बाहिर आएका छन् ।

हमासको कब्जामा रहेको प्यालेस्टिनी क्षेत्रका बालबालिकामा देखिएको कुपोषणसम्बन्धी समस्याबारे सर्वत्र चिन्ता व्यक्त गरिएको छ । त्यहाँका मानिस यस्तो चक्रमा फसेका छन्, जहाँ पोषणयुक्त खानाको अभाव, रोग र कुपोषणले घेरेको छ । पर्याप्त पोषणयुक्त खाना, सफा पानी र स्वास्थ्य सेवामा पहुँच नहुँदा एउटा सिङ्गो पुस्ता स्थायी रूपमा प्रभावित हुने अवस्था छ । करिब तीन महिनादेखि इजरायलले गरेको नाकाबन्दीका कारण प्यालेस्टाइन र गाजाका हजारौँ बालबालिका मृत्युको जोखिममा परेका छन् । गाजामा भोकमरी गहिरिँदै गएको छ । त्यहाँ शीघ्र मानवीय पहुँचको आवश्यकता छ । गाजामा जारी मानवीय सङ्कटलाई लिएर बेलायतले समेत इजरायली नेतृत्वको चर्को आलोचना गरेको छ । गाजाको नाकाबन्दीका कारण उत्पन्न भोकमरी र बालबालिकाको जीवनमाथिको खतरा अत्यन्तै गम्भीर छ । यही कारण देखाएर बेलायतले इजरायलसँगको व्यापार वार्ता स्थगित गरेको छ ।

इजरायलको कदमविरुद्ध अमेरिकी संसद्मा समेत आवाज उठाइएको छ । गाजामा बालबालिकालाई भोकमरीको चपेटामा पारिनु अन्तर्राष्ट्रिय कानुन र मानव अधिकारको स्पष्ट उल्लंघन हो । युद्ध हतियारका रूपमा बालबालिकालाई भोकमरीबाट मार्नु जेनेभा महासन्धि, विदेशी सहायता ऐन र सामान्य मानवीय मर्यादाविपरीत कुरा हो । आजको सभ्य समाजले बालबालिकालाई भोकै मर्न दिनु विडम्बना नै हो ।

अमेरिकामा सिनेटर अलेक्जेन्ड्रिया ओकासियो कर्टेजले गाजामा जारी सङ्कट र त्यसमा अमेरिकाको भूमिकाकै आलोचना गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, "म साना बच्चाहरूको मृत्युप्रति चिन्तित छु । म मानव अधिकारप्रति चिन्तित छु । अमेरिकी करदाताको अर्बौं डलर बराबरको हतियार प्रयोगबाट अकल्पनीय अत्याचार गरिँदै छ, म यसबारे पनि चिन्तित छु ।" युद्धका बिचमा पिल्सिएका बालबालिकाले खाना, औषधी र बसोबास पाउनुपर्ने चिज राजनीतिक लेनदेन र धार्मिक विवाद निरूपणको औजार बन्नु हुँदैन । गाजामा रहेका बालबालिकाका लागि आधारभूत सुविधा र राहत सहज बनाउनै पर्छ ।

अर्कोतर्फ विश्वमा हरेक दुईमध्ये एक बालबालिका जलवायु परिवर्तनको गम्भीर नकारात्मक प्रभावको सिकार हुने अवस्थामा रहेका छन् । मध्य अफ्रिकी गणतन्त्र, चाड, नाइजेरिया, गिनी र गिनी-बिसामा रहेका बालबालिका जलवायु परिवर्तनको सबैभन्दा बढी खतरामा रहेका छन् । जलवायु सङ्कटले बाल अधिकारलाई पनि सङ्कटमा पारेको छ । युनिसेफले भनेको छ, "विश्वका दुई अर्ब २० करोड बालबालिकामध्ये झन्डै एक अर्ब बालबालिका अत्यन्तै जोखिमपूर्ण भनी वर्गीकृत ३३ देशमा बसोबास गर्छन् । उनीहरूले भोगिरहेका खतरामा बाढी, चक्रवात, ताप लहर, पानीको अभाव, वायु प्रदूषण, सीसा प्रदूषण र सङ्क्रामक रोगहरू समावेश छन् ।" जलवायु र वातावरणीय प्रभावले स्वच्छ हावा, भोजन र सुरक्षित पानीको पहुँचदेखि लिएर शिक्षा, आवास, शोषणबाट स्वतन्त्रता र बाँच्न पाउने तिनीहरूको अधिकारलाई समेत बालबालिकाको अधिकारको पूर्ण क्षेत्रलाई कमजोर बनाइरहेको छ । वास्तवमा कुनै पनि बालबालिकाको जीवनमा असर नपर्ने सम्भावना छैन ।

विश्वका कम्तीमा पनि चार करोड बालबालिकाले प्रारम्भिक शिक्षा लिने, विद्यालय जाने र खेल्नेलगायतको वातावरण नपाएको अथवा यस्ता कार्यबाट बालबालिका वञ्चित हुन पुगेका छन् । भोलिका देश निर्माणका आधार बालबालिका धेरैले युद्ध र विपत्तिमा आमाबाबु गुमाएर टुहुरा बनेका छन् । युनिसेफका अनुसार अहिले विश्वभर १५ करोड ३० लाख बालबालिका अनाथ छन् । युद्ध, गरिबी, रोग वा विपत्तिका कारण हरेक दिन पाँच हजार सात सय बालबालिका अनाथ भइरहेका छन् । पछिल्लो समय १२ वर्ष चलेको सिरियाको गृहयुद्धले ५६ लाख बालबालिकालाई असर परेको छ । उनीहरूलाई मानवीय सहयोगको खाँचो छ । त्यहाँका २५ लाख बालबालिका शरणार्थी बनी देश छाड्न बाध्य भए । यमनमा सन् २०१५ यता ११ हजार बालबालिका मारिए । २० लाख बालबालिका स्कुल जान वञ्चित भए । पाँच वर्षमुनिका १० लाख बालबालिका कुपोषणको सिकार भए ।

दोस्रो विश्वयुद्धपछि युरोप, अफ्रिका र दक्षिण एसियामा शरणार्थीको चाप बढ्यो । युद्धका कारण थातथलो छाडेर शरणार्थी बनेकाहरूको अवस्था जटिल बनेको छ । हाल विश्वमा २२ करोड २५ लाख मानिसले शरणार्थीका रूपमा कठोर जीवन जिउन बाध्य भएका छन् । अतः त्यसैले युद्ध रोकौँ, विपत्तिबाट जोगिने उपाय गरौँ, सबै मानिस सभ्य मानिस जस्तै भएर बाँच्न पाउनु पर्छ नत्र असमानताको यो खाडल कहिल्यै पनि पुरिने छैन ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उत्प्रेरणाले संस्थागत विकास



• लीला खनाल

संस्था निश्चित लक्ष्य प्राप्तिका लागि विभिन्न उद्देश्यले प्रेरित भइ गठन गरिएको विभिन्न विचार, धारणा, ज्ञान र सिप, योग्यता भएका व्यक्तिको संयोग हो । यसका निर्धारित लक्ष्य आफैँमा कार्यान्वयन हुँदैनन् त्यसको कार्यान्वयनमा मानव संसाधनको उल्लेखनीय र अग्रणी भूमिका रहन्छ । संस्था एउटा निर्जीव वस्तु जस्तो देखिए पनि यसलाई जीवित र रक्त सञ्चार गराउने दायित्व तिनै मानव संशाधनको कार्यसम्पादनमा निर्भर हुन्छ । यो कहिल्यै एकल नेतृत्वबाट परिचालित नभई फरक फरक धारणा, स्वभाव, विचार र नेतृत्व शैलीबाट अगाडि बढ्छ यद्यपि संस्थाको गन्तव्य निर्धारित भएकाले त्यहाँसम्म पुग्न गतिशील बनाउने माध्यम उत्प्रेरणा नै हो । उत्प्रेरणा नितान्त मनोवैज्ञानिक प्रक्रिया हो, जहाँ सन्तुष्टिले नै मानवलाई लक्ष्य प्राप्तितर्फ अभिप्रेरित गर्छ ।

संस्थाको उद्देश्य र लक्ष्य प्राप्तिका लागि योग्य, कर्तव्यनिष्ठ र लगनशील कर्मचारीको निर्णायक भूमिकामार्फत मानव कल्याण र समग्र रूपमा सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक विकासतर्फ उन्मुख हुन्छन् । कर्मचारी कुनै पनि संस्थाका अभिन्न अङ्ग हुन्, जसको सहभागिताबिना संस्था जीवित रहन सक्दैन । कर्मचारीको सन्तुष्टिसँग संस्थाको सफलता जोडिएकाले कामप्रतिको सन्तुष्टि मानवीय स्वभाव, आचरण, व्यवहार, कामप्रतिको अभिरुचि, उत्पादकत्व र समग्र संस्थाको विकासका लागि उत्प्रेरणाको मह□वपूर्ण भूमिका रहन्छ । कर्मचारीको कार्यसम्पादन उसको क्षमता र उत्प्रेरणाको संयोग भएकाले उनीहरूमा रहेको अन्तरनिहित सिप र क्षमता प्रयोग गर्न कामप्रतिको इच्छाशक्ति निसर्त आधार हो । उच्च प्रतिफलका लागि उत्प्रेरणा एउटा प्रेरक र अनिवार्य तत्व हो ।

संस्थामा फरक मतका व्यक्ति भए पनि समग्रमा सबैको एउटै मार्ग संस्थाको गन्तव्य हुन्छ । यसको प्रणाली, त्यसको पालना, निरन्तरता र भूमिकाले यसलाई मजबुत बनाउँछ । जुन जातको बिरुवा रोप्यो, हुर्कायो, मलजल गरे अनुसार प्रतिफल प्राप्त हुन्छ । संस्था स्थापना गर्नासाथ सबै कुरा स्वचालित हुँदैनन्, त्यसलाई गतिशील बनाउन कर्मचारीको गुण, व्यक्तित्व, बानी व्यवहार, क्षमता महत्वपूर्ण हुन्छ । संस्थाका कर्मचारीको भूमिका, विद्यमान अवस्था, आकार र बौद्धिक विचारले संस्थाको प्रणाली विकास गर्न मद्दत पुऱ्याउँछ । संस्था कहिल्यै पनि खराब हुँदैन, स्पष्ट लक्ष्य हुन्छ, यद्यपि व्यक्तिले बनाउने धारणा, सिकाइ, बुझाइ, उत्प्रेरणा र निर्णायक क्षमताले संस्थागत प्रक्रिया कमजोर वा मजबुत हुँदै जान्छ । संस्थाका सदस्यको

सञ्चारशैली, नेतृत्वशैली, नीति, रणनीति, कार्यक्रम, आपसी द्वन्द्व, शक्ति र यसको बाँडफाँट टिम वर्कले संस्थाको प्रक्रिया निर्देशित मात्र नभई यसको स्वामित्वमा रहेको प्रणालीले अपेक्षित प्रतिफल अनुमान गर्न सकिन्छ ।

कामको प्रकृति र निरन्तर रूपमा संस्था मजबुत बनाउन गरिएका प्रयासबाट नै संस्था कहाँ पुग्छ र कस्तो प्रतिफल आउँछ भनेर आकलन गरिन्छ, जुन संलग्न कर्मचारीको सन्तुष्टि, क्षमता विकास, वृत्तिविकासमा निर्भर हुन्छ । यस विपरीत संस्थामा काम गर्ने कर्मचारीको पलायन, अनुपस्थिति बेवास्था, कमजोर कार्यसम्पादन संस्था सही दिशामा नरहेको सङ्केत हुन सक्छ । यस्ता नकारात्मक सङ्केतलाई समयमा व्यवस्थापन गर्न सकिएन भने यसले समग्र संस्था नै ध्वस्त बनाउने हुँदा नेतृत्व वर्ग सदैव सचेत रहनु पर्छ । त्यसैले संस्थाको कार्यशैली, नेतृत्व, प्रभावकारी सञ्चार, द्वन्द्व व्यवस्थापन समयमा गर्न सक्नु नै संस्थागत विकास हो ।

संस्थामा कार्यरत कर्मचारीको धारणा, संस्थाप्रतिको झुकाव, लक्ष्य, परिलक्षित सूचक र कामप्रतिको सन्तुष्टि कार्यसम्पादन मापनका आधार हुन् । कार्यसम्पादन असल वा खराब हुन सक्छ । यसमा कर्मचारीको क्षमता, उत्प्रेरणा, निरन्तरको सिकाइ र प्रयोगको प्रभाव अनुसारको प्रतिफल प्राप्त हुन्छ । कर्मचारीको आवश्यकता, उनीहरूको भूमिका, कार्य विभाजन, पारिश्रमिक, कामप्रतिको ज्ञान, सिप र धारणा, स्रोतसाधनको उपलब्धताको आधारमा नै कार्यसम्पादन अपेक्षित थियो थिएन भनी अनुमान गर्ने गरिन्छ । कार्यसम्पादन गुणात्मक र संख्यात्मक दुवै किसिमको हुन सक्छ । यो सदैव सापेक्षित हुन्छ, सकारात्मक कार्यसम्पादनको मूल्याङ्कनका आधारमा नै कर्मचारीको वृत्ति विकास, पदोन्नति र समग्र रूपमा सङ्गठन पुरस्कृत हुने गर्छ । पुरस्कृत गर्नु पनि संस्थागत विकासको एउटा आधार हो ।

कर्मचारीलाई समयसापेक्ष ज्ञान, सिप र धारणामा निखार ल्याउने खालका तालिम, क्षमता विकासका गतिविधि उपलब्ध गराउन सकेमा कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्न सक्छ । गुणस्तरीय कार्यसम्पादनका लागि उचित कर्मचारीको छनोट, ज्ञान र सिपमा लगानी, निरन्तर सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्न सकिएमा तोकिएको अवधिभित्र अपेक्षित लाभ प्राप्त गरी दीर्घकालसम्म संस्था मजबुत हुन्छ किनकि गुणस्तरीय सेवामा गरिएको लगानी जहिले पनि कम नै हुने गर्छ ।

उत्प्रेरणा नितान्त मनोवैज्ञानिक अवस्था हो । उत्प्रेरणाबिना न व्यक्तिगत न संस्थाको विकास हुन्छ । कर्मचारीको मनभित्रका उतार चढाव, आवेग, संवेग, स्वीकृति, अस्वीकृति, कामप्रतिको सन्तुष्टि, आदिले उत्प्रेरित गरिएमा प्रतिफल पनि अपेक्षा गरिएभन्दा बढी नै हुन्छ । उत्प्रेरणा जहिले पनि आवश्यकताबाट प्रेरित हुने हुँदा न्यूनतम आवश्यकता परिपूर्ति, प्रशंसा, पुरस्कार, सञ्चार, जिम्मेवारी बाँडफाँटले सदैव असल काम गर्न उत्साहित गर्छ । संस्थाको लक्ष्यलाई मूल मर्म बनाएर हिँड्न मात्र सकियो भने कर्मचारीको मनोबल बढाउनमा गरिएका प्रयास यथेष्ट हुन्छन् । मनोबल बढाउनका लागि सबैभन्दा मुख्य आवश्यकताको परिपूर्ति हो, सायद त्यो समयसापेक्ष जीवनयापन गर्नका लागि राम्रो तलब होस्, जसले गाँस, बास र कपासको राम्रो प्रबन्ध गर्न पुगोस् ।

मानिस आफैँमा विवेकशील र मानव

❖ बाँकी तेस्रो पृष्ठमा

# जंगली हात्तीले बिर्तामोडको दुईवटा घर भत्कायो




झापा(प्रस) । जंगली हात्तीले बिर्तामोडको दुईवटा घरमा क्षति गरेको छ।
बिहीवार बिहानको राति १:३० बजे बिर्तामोड नगरपालिका वडा न. ७ मा ३ वटा जंगली हात्ती आई क्षति पुर्याएको हो । बिर्तामोड- ७ रेखाटोल बस्ने अमरबहादुर संग्रौलाको एकतले पक्की टिनको छानो भएको भान्सा घर भत्काई पूर्णरुपमा क्षति गरेको छ । जसबाट अन्दाजी २ लाख बराबरको क्षति भएको छ ।

त्यस्तै सिताराम टोल बस्ने तुलसीप्रसाद मैनालीको धानको भकारीबाट ३ मन धान खाएको छ । उनको घरको एक साईडको पर्खाल भत्काएर १ लाख २० हजार बराबरको क्षति गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पाँचथरमा करेन्ट लागेर विद्युत कर्मचारीको मृत्यु

झापा(प्रस) । पाँचथरमा करेन्ट लागेर एक विद्युत कर्मचारीको घटनास्थलमै मृत्यु भएको छ ।

बुधवार साँझ अन्दाजी ७ बजे पाँचथर मिक्लाजुङ गाउँपालिका वडा नं.-२ सप्तमीमा रहेको सौर्य ऊर्जा मिनी ग्रीड बिद्युतीय कार्यालयमा कार्यरत सोही ठाउँ बस्ने ४१ वर्षीय झलेन्द्र भन्ने चन्द्र मगरको करेन्ट लागेर मृत्यु भएको हो । बिद्युतीय पंखाको ट्रान्समिटर मर्मत गर्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।
कानुनी प्रकृया पूरा गरी पोस्टमार्टमको लागि मगरको शव रबि आधारभूत अस्पताल पाँचथर पठाइएको इलाका प्रहरी कार्यालय रविका प्रहरी निरीक्षक ढुण्डीराज गिरीले जानकारी दिएका छन् ।

# सुडानमा हैजा प्रकोप, सातामै १७२ को मृत्यु



एजेन्सी । सुडानमा फैलिएको हैजा प्रकोपका कारण पछिल्लो एक सातामा १ सय ७२ जनाको ज्यान गएको छ भने २ हजार ५ सयभन्दा बढी बिरामी परेका छन् । स्वास्थ्य अधिकारीका अनुसार हैजाको प्रकोप राजधानी खार्तुम र यसको नजिकको सहर ओमदुरमानमा सबैभन्दा बढी देखिएको छ। नर्थ कोर्डोफान, सेन्नार, गजिरा, ह्वाइट नाइल र नाइल रिभर प्रान्तमा पनि हैजाका बिरामी देखिएका छन् ।
'डाक्टर्स विदआउट बोर्डर्स' (एमएफएस) की सुडान संयोजक जोयस बेकरका अनुसार मध्य मेदेखि हैजाको संक्रमण डरलाग्दो रूपमा बढेको छ। बेकरले गत साता मात्रै करिब दुई हजार हैजाका बिरामीको उपचार गरेको बताइन् । सुडानका स्वास्थ्यमन्त्री हैथम इब्राहिमले खार्तुम क्षेत्रमा मात्र एक महिनायता सातामा औसत ६ सयदेखि ७ सय हैजाका संक्रमित देखिएको बताए ।
बेकरले ओमदुरमानका उपचार केन्द्र बिरामीको चापले थेग्न नसक्ने अवस्थामा पुगेको बताइन् । 'धेरै बिरामी ढिलो गरी उपचारका लागि आउँदा कतिपयलाई चाहेर पनि बचाउन सकिएको छैन,' उनले भनिन् । पानी र सरसफाइका साथै थप उपचारका लागि संयुक्त पहलको आवश्यकता रहेको उनले औंल्याइन् ।

गत मार्चमा पनि सुडानको ह्वाइट नाइल प्रान्तमा हैजाका कारण ९२ जनाको मृत्यु भएको थियो भने २ हजार ७ सय जना संक्रमित भएका थिए। गरिबी र सामाजिक रूपमा पछि परेको अफ्रिकी मुलुक सुडानमा युद्ध सुरु भएदेखि हैजा प्रकोप अझ खराब भएको छ। गरिबी र सामाजिक रूपमा पछि परेको अफ्रिकी मुलुक सुडानमा हैजाको प्रकोप यसअघि पनि देखिने गरे पनि युद्ध सुरु भएदेखि प्रकोप अझ खराब भएको छ ।
यहाँ पहिले नै कमजोर रहेको स्वास्थ्य, पानी र सरसफाइसम्बन्धी पूर्वाधारलाई युद्धले ध्वस्त बनाएको छ। एमएसएफका अनुसार द्वन्द्वका कारण बिजुली र पानीको पूर्वाधार ध्वस्त भएपछि सर्वसाधारण असुरक्षित पानी पिउन बाध्य छन् । विश्व स्वास्थ्य संगठनका अनुसार सुडानको पहिलेदेखि नै कमजोर स्वास्थ्य सेवा प्रणाली युद्धका कारण 'थप अस्तव्यस्त' बनेको हो ।
चिकित्सक संघका अनुसार देशका स्वास्थ्य संस्थामा पटक-पटक आक्रमण, बमबारी र लुटपाट हुने गरेका कारण ९० प्रतिशतभन्दा बढी अस्पताल बन्द छन् । यी संस्थामा पटक-पटक आक्रमण, बमबारी र लुटपाट हुने गरेको छ। युद्धले हालसम्म दसौं हजारको ज्यान लिइसकेको छ भने १ करोड ३० लाख विस्थापित भएका छन् ।

# गजमेर र ढुंगानालाई विसे नगर्ची सम्मान

बिर्तामोड(प्रस)। यस वर्षको विसे नगर्ची राष्ट्रिय व्यक्तित्व सम्मान वरिष्ठ संगीतकार रन्जित गजमेर र शिक्षासेवी जयनारायण ढुंगानालाई प्रदान गरिने भएको छ।
बिर्तामोडको सिटी सेन्टरमा यही जेठ ३१ गते शनिवार सो सम्मान दुवै व्यक्तित्वलाई प्रदान गरिने आयोजक गोर्खा फाउण्डेशन नेपालका अध्यक्ष वीरु दर्नालले बताए । उनले राष्ट्रिय सम्मानका लागि ब्यक्तित्वद्वयको नाम छनौट गरिएको जानकारी दिए ।
गोरखाका राजा पृथ्वीनारायण शाहलाई नेपाल एकीकरण गर्न आर्थिक अभाव भएसँगै युद्ध कला र हातहतियार खरिद गर्न विसे नगर्चीले आवश्यक सल्लाह दिएका थिए । पृथ्वीनारायण शाहको सारथी बन्न सफल उनै ऐतिहासिक व्यक्तित्वको नाममा स्थापित विसे नगर्ची राष्ट्रिय व्यक्तित्व सम्मान गत वर्षदेखि प्रदान गर्न थालिएको हो । यसलाई हरेक वर्ष निरन्तरता दिइने दर्नालले बताए ।
दलित समुदायका अग्रज , प्रेरणाका स्रोत विसे नगर्चीले राष्ट्र निर्माणमा दिएको योगदानलाई चीरस्मरण गर्दै वर्तमान युवा पुस्तासम्म पुर्याउन यस्तो कार्यक्रमको परिकल्पना गरिएको फाउण्डेशनका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक रोशन नेपालीले बताए ।
समाजमा विभिन्न विधामा विशिष्ट योगदान पुर्याउने ब्यक्तित्वलाई यो सम्मान प्रदान गरिने परम्पराको थालनी गरिएको संयोजक नेपालीले बताए ।




विभिन्न क्षेत्रका एकदेखि ५ जनासम्म विशिष्ट ब्यक्तित्वलाई सम्मान गरिँदा एक जना झापाबाटै हुनु पर्ने फाउण्डेशनको अवधारणा भएकोले यस पटक एक जना बाहिर र एक जना झापाबाट छनौट गरिएको महासचिव सुवास तिखत्रीले बताए ।
झापामा बसेर विभिन्न क्षेत्रमा विशिष्ट योगदान गरी केन्द्रीय स्तरमा झापाको नाम उच्च पार्ने जीवन समर्पण गरेका त्यस्ता ब्यक्तित्वलाई सम्मानका लागि चयन गरिएको तिखत्रीले बताए ।
नेपाली चलचित्र बाँसुरी , कुसुमे रुमाल , लाहुरे , चिनो , दर्पण छायाँलगायत दर्जनौं चलचित्रमा कालजयी संगीत भरेर गजमेर नेपाली सांगीतिक क्षेत्रमा लोकप्रिय छन् । दार्जिलिङ निवासी गजमेरले सन् ७० को दशकमा रेडियो नेपालमा काम गर्दैगर्दा भारतीय चलचित्र उद्योगमा प्रवेश पाएका थिए । नेपाली मादललाई बलिउडमा उनै गजमेरले पहिलो पटक परिचित गराउँदै स्थापितसमेत गराए । बलिउडका चर्चित संगीतकार आरडी वर्मन ( पन्चम दा ) को विश्वास पात्र बनेर उनको मृत्युपर्यन्त साथ दिएका थिए ।
शिक्षा तथा समाजदेवी ढुंगाना मेची अंचलका स्थापित शिक्षा तथा समाजसेवी हुन् । नर्सरीदेखि डिग्रीसम्मको पढाइ संचालन गर्ने कनकाई क्याम्पस बिर्तामोडका संस्थापक हुन् ढुंगाना । शिक्षा क्षेत्रको विकाससँगै विभिन्न सामाजिक क्षेत्रमा ब्यक्तिगत लगानी गरेर समाजसेवामा पनि उनको उत्तिकै महत्वपूर्ण योगदान रहेको छ । मन्दिर , पुल , बाटो , आर्यघाट तथा आराम गृह आदि निर्माण गरेर झापा तथा शान्तिपुर इलाममा लोकप्रिय छन् ढुंगाना ।तत्कालीन शान्तिपुर गाउँ पञ्चायतको अन्तिम निर्वाचित प्रधानपञ्चसमेत भएका ढुंगाना जीवनको उत्तरार्धमा बिर्तामोड २ स्थित निजी जमिनमा विभिन्न रुख बिरुवा हुर्काएर पर्यावरण जोगाउ अभियानमा लागेका छन् ।

# कांग्रेस पूर्वसांसद आफताब आलम रिहा



झापा (प्रस) । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले सफाइ दिएपछि कांग्रेस पूर्वसांसद आफताब आलम छुटेका छन् । ललितपुरस्थित नख्खु कारागारमा रहेका आलमलाई बुधबार साँझ रिहा गरिएको हो ।
बुधबार उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले रिहा गर्न आदेश दिएको थियो । न्यायाधीशद्वय खुसीप्रसाद थारु र अर्जुन महर्जनको इजलासले बुधबार जिल्ला अदालतको फैसला उल्ट्याउँदै सफाइ दिएको हो ।
रौतहटमा भएको बम विस्फोटका अभियुक्त मोहम्मद आलमलाई जिल्ला अदालत रौतहटको आदेशलाई उल्ट्याएर
जिल्ला अदालत रौतहटको आदेशविरुद्ध उनी उच्च अदालत जनकपुरको वीरगन्ज इजलासमा पुगेका थिए । उक्त इजलासले पनि जिल्ला अदालतको पुर्पक्षका लागि थुनामा राख्न दिएको आदेश सदर गरेको थियो ।
रौतहटको राजपुरमा भएको घटनामा संलग्न रहेका कांग्रेस नेता आलमसहित चार जनालाई जिल्ला अदालत रौतहटले २०८१ वैशाखमा जन्मकैदको फैसला सुनाएको थियो । जन्मकैदको सजाय पाउनेहरूमा कांग्रेस नेता आलम, उनका भाइ मोहम्मद महताब आलम, शेख सराज र बद्री सहनी रहेका छन् ।

# प्रहरी निरीक्षक बोगटी "उत्कृष्ट प्रहरी" घोषित

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय इलाममा कार्यरत प्रहरी निरीक्षक संजीव बोगटीलाई २०८२ सालको वैशाख महिनाको लागि "उत्कृष्ट प्रहरी" (पुलिस अप द मन्थ) को रुपमा घोषणा गरिएको छ
लागूऔषध नियन्त्रण तथा जघन्य अपराध अनुसन्धानमा देखाएको अद्वितीय समर्पण, व्यावसायिक दक्षता र सफल कारबाहीको मूल्याङ्कनस्वरूप उनलाई सो सम्मान प्रदान गरिएको हो। बोगटीले इलाम जिल्लाका विभिन्न स्थानमा



विशेष रणनीतिक अभियान सञ्चालन

गरी लागूऔषधसहितका अभियुक्तलाई नियन्त्रणमा लिनुका साथै फरार रहेका अपराधीहरूलाई पनि पहिचान गरी पक्राउ गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।
प्रहरी निरीक्षक बोगटी अनुसन्धानमा खटिँदै जघन्य अपराधका रहस्य फेला पार्न सफल भएका छन्। घटनामा संलग्न व्यक्तिहरूलाई वैज्ञानिक र प्रमाणमा आधारित अनुसन्धान प्रविधिको प्रयोग गरी कानुनी दायरामा ल्याउन उनले सफल प्रयास गरेका छन् ।
जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी उपरीक्षक एकनारायण कोइरालाले बोगटीको कार्यसम्पादनप्रति प्रशंसा गरेका छन् । उनले भने , " प्रहरी निरीक्षक बोगटीले देखाएको साहस, लगनशीलता र निष्ठा प्रहरी संगठनको गौरव हो। यस्ता कर्मठ प्रहरीकै कारण नागरिकमा प्रहरीप्रतिको विश्वास अझ मजबुत भएको छ।"
उत्कृष्ट प्रहरीको रुपमा घोषित भएपछि बोगटीले यो सम्मान आफ्नो लागि मात्र नभई सम्पूर्ण प्रहरी टोलीको सामूहिक प्रयासको फल भएको प्रतिक्रिया दिएका छन्।

## उत्प्रेरणाले...

युगको एउटा उत्कृष्ट वर्ग हो, जसले सही र गलत छुट्याउन सक्छ, सायद अन्य गुण अन्य प्राणीमा पनि हुन्छन् । मानिसले जहिले पनि आत्मसम्मानको अपेक्षा गर्छ, जसलाई पैसामा तुलना गर्ने सकिन्न । कार्यस्थलमा तीन वटा तत्व उपलब्ध, अधिकार र सम्बन्धन कायम रह्यो भने कामप्रतिको गतिशीलता अपेक्षित तहसम्म बढ्दै जान्छ । यसका अतिरिक्त समानता, प्रशंसा, पुरस्कार र दण्ड, संस्थाको कार्यशैली र व्यवहार, सिर्जनशीलताप्रतिको स्वीकृति जस्ता तत्वले सदैव जोसिलो, जिम्मेवार, लक्ष्यप्रति लगनशील, व्यक्ति बनाई प्रतिफल अधिकतम हुन्छ । मानिस कामको भारले कहिल्यै पनि थिचिन्न । काम गर्ने संस्थाको वातावरण, कामको प्रकृति, उसको अधिकार, पारिश्रमिक, जवाफदेहिता, जिम्मेवारीपन उसको आत्मसम्मानलाई स्वीकार गर्न सकियो भने प्रतिफल अधिकतम भई संस्थागत विकास हुन जान्छ । संस्थागत विकासभित्र धेरै विषय वस्तु अन्तर्निहित छन्, लक्ष्य, स्वरूप, कर्मचारी, वृत्ति विकास, तालिम, अनुगमन, मूल्याङ्कन, अवसर, अन्तरव्यक्ति सञ्चार, जिम्मेवारीपन । संस्थागत विकास भए मात्र यसका कर्मचारीको भलो हुन्छ । वर्तमान नितान्त स्वार्थका अल्भेको अवस्थामा यी कुरा अपत्यारिला लाग्न सक्छन् तर अन्तिम सत्य यही नै हो । जब देश बलियो हुन्छ, त्यहाँ जनता बलिया हुन्छन् । जनता बलियो हुने प्रयास गर्छन् भने देश अपाङ्गता हुन्छ र अन्तत जनताको अवस्था पनि कमजोर हुन्छ । संस्थागत विकासभित्र जहिले पनि परिवर्तनको अपेक्षा गरिएको हुन्छ । नागरिकबिनाको संस्था संस्थागत हुन्न भने संस्थागत विकास नभई नागरिकको विकास असम्भव प्रायः छ । हामी सदैव लक्ष्य केन्द्रित हुन सक्यौं भने सोचे जस्तो संस्था विकसित हुन्छ, देश विकास हुन्छ, सबै हाँसीखुसी रमाउन पाउँछन् र उनीहरूको हाँसोमा सन्तुष्टि देख्न पाइन्छ, जुन नै कर्मचारी उत्प्रेरणाको सफलता हो ।
संस्थागत विकास मानवीय क्रियाकलापमा निर्भर छ । संस्थागत विकासको उद्देश्य विकसित, अनुशासित, गतिशील संस्थाको निर्माण गर्नु हो । यसका लागि संस्थाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, नीति, रणनीति, क्रियाकलाप स्पष्ट हुनु पर्छ । यसैको आधारमा संस्थागत स्वरूपको निर्माण, जिम्मेवारीको बाँडफाँट, प्रेरित गर्नेखालको नेतृत्वशैली, निर्णय क्षमता मजबुत र दीर्घकालीन हुन्छ ।
जहाँ कर्मचारीको आवश्यकता, भावना, योजना र कार्य सम्पादनको कदर हुन्छ, त्यहाँ काम गर्नुको मज्जा नै अर्कै हुन्छ, चाहे सुविधा र वृत्ति विकासका अवसर कम नै किन नहुन् । संस्थागत विकासको मेरुदण्ड भनेको सुशासन हो, जसले सुन्दर संस्थाको परिकल्पना गर्छ, जुन सदैव दिगो र गौरवशाली हुन्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटी सेन्टर), झापा.
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६१८७०१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०२२४०६
विराटनगर
त्रिपदिम आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२५२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारिन

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।